# अध्याय – सात

## उपलब्धि, निष्कर्ष र सुझाव

### ७.१ उपलब्धि

प्रस्तुत अनुसन्धानमा बाँके जिल्लामा बसोबास गर्ने ११०० भन्दा बढी चिडिमार जातिका मानिसहरूमध्ये १०० घरधुरीका १६६ जना र गैह्रचिडिमारका १८ जनालाई अन्तर्वार्ता उत्तरदाताका रुपमा सहभागी गराइएको छ । जसमा चिडिमार समुदायका पुरुषको सङ्ख्या ११५ र महिलाको सङ्ख्या ६९ रहेको छ । यसका अतिरिक्त २० जना चिडिमारहरूलाई प्रश्नावली उत्तरदाताका रुपमा पनि सहभागी गराइएको छ जसमा ८ जना महिला र १२ जना पुरुष रहेका छन् । ती उत्तरदाताहरूमा १७ वर्षदेखि ८८ वर्षसम्मका मानिसहरू रहेका छन् । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूमध्ये चिडिमार तराईका दलित समुदायअन्तर्गत पर्ने एउटा जाति हो । यस जातिका मानिसहरू मध्यपश्चिमाञ्चल विकास क्षेत्र, भेरी अञ्चलको बाँके जिल्लामा सबैभन्दा बढी सङ्ख्यामा बसोबास गर्दै आएका छन् । प्रस्तुत शोधपत्र त्यही चिडिमार जातिको सामाजिक-सांस्कृतिक अध्ययनसँग सम्बन्धित रहेको छ । चरा मारेर जीविका चलाउने हुनाले यस जातिलाई 'चिडिमार' भन्ने गरिएको हो । अवधी भाषामा चरालाई 'चिडी' भनिन्छ । त्यही 'चिडी' मार्ने हुनाले यस जातिका मानिसहरूलाई 'चिडिमार' भन्ने गरिदै आएको छ । यस अध्ययनका उपलब्धीहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गर्दा अझै प्रस्ट हुने देखिन्छ ।

(१) भारतको बहराइच जिल्लाको उत्तर-पश्चिमका बाबागन्ज, नबाबगन्ज, नानपारा, दौलतपुर जस्ता ठउँहरूमा बिस्तारित भएर बसेका बहेलिया जातिका मानिसहरू जुन नेपालको पश्चिम तराईको भौगोलिक निकटता रहेको छ, त्यहीँबाट १९औं शताब्दिको अन्त्य र बीसौं शताब्दीको प्रारम्भतिरै त्यस जातिका केही मानिसहरू नेपालको तराई क्षेत्रसम्म बिस्तारित भएका ।

(२) चरा समातेर जीविका चालाउँदै आएका केही बहेलियाहरू नेपालमा राणाशासन सुरुहुने समयतिर मध्यपश्चिम तराईका भागहरू, जो जङ्गलले ढाकिएका थिए, ती क्षेत्रहरूमा विस्तारित भएका ।

(३) चिडिमार जातिको व्यवसाय चरा समात्ने र बिक्रीवितरण गर्ने भएको हुँदा पश्चिम नेपालको सबैभन्दा पुरानो सहर नेपालगन्जमा राणाकालतिर चरा बिक्रीवितरण गर्न सबैभन्दा सजिलो

भएको हुँदा यस जातिका मानिसहरूको व्यवसाय त्यही ठाउँमा फस्टाएको र त्यतिबेला कम सङ्ख्यामा नेपाल भित्रिएका चिडिमारहरू त्यही आसपासका क्षेत्रमा मात्र विस्तारित भएको हुनाले चिडिमारहरू नेपालका अन्य ठाउँमा नभएको तथा तथ्याङ्क विभागको स्रोतमा देखिएका केही नगन्य चिडिमारहरू पनि कामका सिलसिलामा अधिराज्यका अन्य ठाउँमा वर्तमान समयमा मात्र छरिन पुगेको पाइएको छ ।

(४) नेपालमा राणाशासन सुरु हुने समयतिर खासगरी बुटवल, दाङ, धनगढी र महेन्द्रनगर जस्ता पश्चिम नेपालका वर्तमान सहरहरू त्यतिबेला विस्तारित नभैसकेका र नेपालगन्जमा राणाकालदेखि, त्यसमा पनि वि.सं.१९१४ को भारतीय स्वतन्त्रता आन्दोलन तथा अङ्ग्रेज विरोधी आन्दोलनका बेला भारतबाट धेरै हिन्दू र मुस्लिम धर्मी मानिसहरू सुरक्षाका खाँतिर नेपालको पश्चिमी तराई खासगरी बाँके र त्यस आसपासका क्षेत्रमा विस्तारित हुने क्रममा चिडिमार जातिका मानिसहरू पनि नेपाल भित्रिएका ।

(५) नेपालगन्ज सहर बसाउन गएका जङ्गबहादुरका दूत पद्मनाव जोशीले नै चरा सिकारी चिडिमार जातिका मानिसहरूलाई चरा समात्न र बिक्रीवितरण गर्न प्रोत्साहन गर्ने गरेको र उनले चराको मासु राणा प्रधानमन्त्री जङ्गबहादुरलाई समेत पठाउँने गरेको तथा त्यो क्रम अन्तिम राणा प्रधानमन्त्री मोहन शम्शेरको समयसम्म पनि कायम रहेको ।

(६) चरा मारेर जीविका गर्दै आएका र लामो समयसम्म घुमन्ते अवस्थामा रहेका चिडिमार जातिका मानिसहरूलाई राणाशासनकालमा जग्गाजमिन आवद गरेर स्थायी बस्ती बसाल्न प्रोत्साहन गरिएको तर खेतिपाति गर्ने परम्परा नसिकिसकेका चिडिमार जातिका मानिसहरूलाई त्यसको कुनै महत्व नभएको हुँदा पछि स्थाई रुपले बस्न थाल्दासम्ममा जमिनको धेरै महत्व बढिसकेको हुनाले वर्तमान समयमा जमिन्दार हुनुपर्ने चिडिमारहरू सुकुम्बासी भएर ऐलानी जग्गामा बस्न बाध्य भएको ।

(७) वैदिककालीन भारतमा पेसाका आधारमा वर्ण व्यवस्था विभाजन गर्दा सिकार गर्ने, त्यसमा पनि चराको सिकार गर्ने (सकुनिक)हरूलाई शूद्रवर्णमा गणना गरिएको र नेपालका चिडिमार जातिका मानिसहरूले आजभन्दा ८-१० वर्ष अगाडिसम्म र केही नगन्य रुपमा वर्तमान समयसम्म पनि चराको सिकार गर्दै आएका आधारमा तथा हिन्दू धर्मावलम्बी भएर पनि सुँगुरको मासु खाने तथा त्यही बस्तु पितृ पूजामा समेत चढाउने संस्कार भएका आधारमा चिडिमार जातिका मानिसहरू प्रस्ट रुपले दलित समुदायका भएको देखिएको ।

(८) नेपालको तराईका दलितहरूले सिनो फाल्ने, लास पोल्ने, चर्पी सफा गर्ने, टोकरी बुन्ने, मासु काट्ने, सिकार गरेर जीविका चलाउने जस्ता केही तल्लो स्तरका मानिएका पेसाहरू अंगाल्ने गरेका आधारमा उनीहरूलाई छोइछिटो गरिने गरिएको ।

(९) तराईका दलितहरू सार्वजनिक धारो, इनार, कुवा आदिमा पानी लिनबाट बन्चित रहेको, दूध, पानी, चिया तथा अन्य पेय पदार्थ, मासु पसल, खाद्य र खाद्यसामग्रीका पसल गर्नबाट समेत बन्चित हुने र विभेदमा पर्ने गरेको ।

(१०) चराको मासु खाने परम्परा मानिसले धेरै पहिलेदेखि नै सुरु गरेको भए पनि चिडिमार जातिका मानिसहरूले मात्र त्यसलाई व्यावसायका रुपमा अंगालेको पाइएको ।

(११) नेपाल सरकारले चिडिमार जातिलाई तराईको दलित समुदायमा सूचिकृत गर्न नसक्दा यस जातिका मानिसहरू त्यहाँका अन्य दलित समुदायका मानिसहरूले पाउँदै आएका सुविधाहरूबाट पूर्णरुपले बन्चित हुँदै आएको ।

(१२) यसभन्दा अगाडिका अध्ययनहरूमा चिडिमार जतिका मानिसहरूलाई चरा सिकारीका रुपमा मात्र चर्चा गर्ने गरिएकोमा यस अध्ययनमा चिडिमार जातिगत नाम मात्र रहेको तथा उनीहरूले आफ्नो परम्परागत पेसा परिवर्तन गरिसकेको तथा दलित, अशिक्षित र प्राविधिक काममा दक्षता प्राप्त गर्न नसकेका हुनाले मजदुरीका कामहरू मात्र गरेर जीविकोपार्जन गर्न वाध्य भएको ।

(१३) वि.सं.२०६८ को जनगणनानुसार कुल १२५४ जना मध्ये ९६५ जना चिडिमार जातिका मानिसहरू सहरी क्षेत्रमा र २८९ जना ग्रामिण क्षेत्रमा बस्ने गरेको ।

(१४) वि.सं. १८७२ मा भएको सुगौली सन्धिअनुसार पश्चिम नेपालका बाँकेलगायतका तराईका जिल्लाहरू भारत सरकारको अधिनस्थ भएकोमा वि.सं.१९१७ मा ती भागहरू अङ्ग्रेज सरकारले नेपाललाई फिर्ता गरिदिदा त्यस क्षेत्रमा चराको व्यापार गर्दै हिडेका चिडिमारहरू नेपालीकरणमा परेका तर उनीहरूको त्यस क्षेत्रमा आगमनको प्रक्रिया वि.सं.१८७२ देखि नै हुँदै आएको ।

(१५) राणापरिवारका मानिसहरूलाई समेत चराको मासु ख्वाउने हुनाले चिडिमार जातिको नाम राणाकालदेखि नै चर्चित भए पनि यस जातिको ऐतिहासिक आधारमा गरिएको यो पहिलो अध्ययन भएको ।

(१६) भारतबाट आएको हुनाले अहिलेसम्म पनि यस जातिका मानिसहरूको लेनदेन भारतका बहेलिया जातिका मानिसहरूसँग नै कायम रहँदै आएको ।

(१७) आजभन्दा २-३ पुस्ता अगाडिसम्म संयुक्त परिवारमा रमाउने चिडिमार जातिका मानिसहरू अहिले एकल परिवारमा बस्न रमाउने हुँदै गएको ।

(१८) चिडिमार जातिको परिवार घरमूलीप्रथामा आधारित रहँदै आएको र यस जातिको समाज आन्तरिक पञ्चायतप्रथाबाट अगाडि बढ्दै आएको ।

(१९) आर्थिक अवस्था कमजोर भएका कारण चिडिमार जातिका घरहरू अधिकांश फूसको छानो भएका झुत्रे कटेराहरूमा दिन गुजार्ने गरेको ।

(२०) चिडिमार जातिका महिलाहरू दलित भएका कारण, महिला भएका कारण र दलित महिला भएका कारण गरी तीनवटा कारणहरूबाट विभेदिकरणमा परेको ।

(२१) चिडिमार जातिका बालबालिकाहरू घरायसी कामकाजका कारण विद्यालय जान नपाएका, विद्यालयमा भर्ना भए पनि कापी, कलम, स्कुल ड्रेस किन्न नसक्ने अवस्था भएपछि स्कुल छोड्न बाध्य भएका तथा १२-१३ वर्षको उमेर पुगेपछि छोरीको विवाह गरिदिने र छोराले ज्याला मजदुरीका काममा जानुपर्ने वाध्यात्मक अवस्थाले गर्दा उनीहरूको भविष्य अन्धकार बनिरहेको ।

(२२) वर्तमान समयमा चिडिमार जातिको परम्परागत सामाजिक संस्था पञ्चायतप्रतिको विश्वास घट्न जाँदा यो संस्था निष्क्रिय जस्तै अवस्थामा रहेको र यसले गर्दै आएका धेरैजसो कामहरू केही समाजका भद्र भलाद्मीले र केही सरकारी निकायहरूले गर्ने गरेको ।

(२३) सरकारी तथा गैह्रसरकारी संघसस्थाको प्रयासका कारण चिडिमार जातिको समाजमा अन्य समाजसँगको सम्पर्कमा वृद्धि, महिलप्रतिको दृष्टिकोणमा सकारात्मक प्रभाव, सरकारी निकायहरूको उपभोग गर्ने प्रकृतिमा विकास, घर व्यावहारमा पनि सामाजिक भावनाको विकास हुँदै गएको ।

(२४) शिक्षामा निकै पछडि परेका चिडिमार जातिका मानिसहरूले वर्तमान समयमा प्रौढ शिक्षा आर्जन गर्ने, बालबालिकालाई विद्यालय पठाउने जस्ता कार्यले गर्दा यस क्षेत्रमा ठूलो फड्को मार्दै गएको र वर्तमानमा चिडिमार जातिका झण्डै ८० प्रतिशत जति बालबालिकाहरू विद्यालय जाने गरे पनि अधिकाङ्शले भने बीचैमा पढाई छोड्ने गरेको ।

(२५) अवधी भाषा बोल्ने चिडिमार जातिका मानिसहरूले हिन्दू धर्म मान्ने र हिन्दू धर्मअनुरुपकै जन्मदेखि मृत्युसम्मका संस्कारहरू सम्पन्न गर्ने गरेको ।

(२६) चिडिमार जातिका मानिसहरूले दसैं, तिहार जस्ता चाडपर्वका अतिरिक्त आफ्नै मौलिक भौंरी, नागनागिन पूजा, गुडिया पूजन, करवा चौथ, भुर्की पूजन्, डिठावन पूजा, खिचडी, सकट पूजाजस्ता आफ्नै मौलिक चाडपर्वहरू पनि मनाउने गरेको ।

(२७) दाल, भात, तरकारी, माछा, मासु, जाँड, रक्सी, मिठाई, हलुवा आदि चिडिमार जातिका लोकप्रिय खाना र लेहङ्गा, समीज, धोती, चद्दर, मेक्सी आदि यस जातिका पोसाक तथा कोफी, नथुनी, टोढिया, आइरन, कनौसी, हसुली, औंठीजस्ता गरगहना लगाउने गरेको ।

(२८) जनचेतनाको अभावका कारण स्वस्थ्यचौकीहरूको प्रयोगमा कमी, घरायसी परम्परागत झारफूकमा नै बढी विश्वास गरिरहने, सुत्केरी गराउन महिलाहरूलाई अस्पताल नलगी परम्परागत सुढिनीहरूबाट सुत्केरी गराउने प्रचलन कायम रहेको भए पनि नगन्य मानिसहरू वर्तमान समयमा विरामी पर्दा अस्पताल जाने र सुत्केरी गराउन पनि केहीले अस्पताल लैजाने गर्न थालेको ।

(२९) कमाएको सबै खाएर सिध्याउने, भविश्यको बारेमा कुनै चिन्ता नभएका चिडिमार जातिका मानिसहरू वर्तमान समयमा औषधीमुलो गर्दा, चाडपर्व मनाउँदा तथा अन्य समयमा पनि खाँचो टार्न बचत गर्नु पर्छ, परिवारका सबैजना लाइमिलि गरेर कमाई गर्नु पर्छ भन्ने चेतनाको विकास हुँदै गए पनि मोवायल फोनको प्रयोग, फिल्म हेर्न जाने, चुरोट, खैनी, सुर्ती, गुट्का, रक्सी जस्ता सुर्तीजन्य र पेयपदार्थको लतका कारण उनीहरूको आर्थिक अवस्थामा खासै सुधार हुन नसकेको ।

## ७.२ निष्कर्ष

बर्बर युगदेखि नै सिकार खेल्ने मानिसको परम्परागत पेसा थियो । कृषि र पशुपालनयुगको सुरुवातपछि धेरै मानिसहरूले ती पुराना पेसा त्याग्दै गए पनि विश्वका अनेकौं ठाउँमा अझै पनि केही आदिवासी जनजाति स्वरुपका मानिसहरूले आफ्ना प्राचीनकालका परम्परागत पेसा अंगाल्दै आएका पाइन्छन् । पश्चिम नेपालमा रहेका राउटे जस्ता जनजातिका मानिसहरूको जीविकाको मुख्य आधार अझै पनि सिकार नै रहँदै आएको छ । त्यस्ता आदिम पेसा अंगाल्ने मानिसहरूमध्ये नेपालको मध्य-पश्चिमाञ्चलको बाँके जिल्लामा बसोबास गर्ने चिडिमार जातिका मानिसहरू पनि एक हुन् ।

चरा मार्ने पेसा अंगालेका चिडिमार जातिका मानिसहरू आजभन्दा १५० देखि २०० वर्ष अगाडि भारतको बहराइच जिल्लाका विभिन्न ठाउँहरूबाट नेपालको बाँके जिल्लातिर भित्रिएका थिए । सुगौली सन्धिपछि नेपालको पश्चिम तराईका जिल्लाहरू बाँके, बर्दिया, कैलाली र कञ्चनपुर वि.सं.१९१७ मा भारतस्थित अङ्ग्रेज सरकारबाट नेपाललाई प्राप्त भएपछि त्यस क्षेत्रमा घुम्दैफिर्दै चरा मार्ने पेसा अंगालेका चिडिमारहरू नेपाली नागरिक बन्न पुगेका र त्यसपछि पनि नेपालको त्यो क्षेत्रमा

घना जङ्गल भएका कारण त्यहाँ उनीहरूको पेसा मौलाएको थियो । नेपालका राणा प्रधानमन्त्री जङ्गबहादुरले नेपालगन्ज सहर बसालेपछि चिडिमार जातिका मानिसहरूले त्यही सहरमा आफूले समातेका चराचुरुङ्गी बिक्रीवितरण गरी जीविका चलाउन थालेको इतिहास रहेको पाइएको छ ।

नेपालमा वि.सं.२०६८ सालको जनगणनानुसार पहिचान भएका १२५ वटा जातजातिहरूमध्ये चिडिमार तराईको दलित समुदायमा पर्ने अल्पसङ्ख्यक र सिमान्तकृत अवस्थामा रहेको जाति हो । नेपालमा अहिले यस जातिको कुलसङ्ख्या १२५४ रहेको छ । परम्परादेखि नै चरा मारेर जीविका चलाउँदै आएका कारण यस जातिलाई चिडिमारको नामले चिन्ने गरिदै आएको छ । चरा मार्ने पेसा अपनाएको हुँदा यस जातिलाई अवधी भाषामा 'चिडिमार' भन्ने गरिए पनि यस जातिका पुर्खाहरूलाई भारतमा 'बहेलिया' भन्ने गरिन्थ्यो । वर्तमान समयमा पनि नेपालका चिडिमार जातिका मानिसहरूको विहावारी तथा लेनदेन भारतका बहेलियाहरूसँग हुँदै आएको छ । चिडिमार जातिका मानिसहरले आफूहरू दलित नभएको र भारतको बहेलिया ठाकुर परिवार समानको भएको भन्ने गर्दै आएका छन् । तथापि भारतमा बहेलियाहरूलाई दलित समुदायकै मान्ने गरिएका आधारमा नेपालका चिडिमारहरू पनि दलित समुदायकै भएको देखिन्छ । आपसी लेनदेन, संस्कार, रितिरिवाज, वेशभूषा, लवाईखवाई, सामाजिक सांस्कृतिक अवस्था आदि भारतीय बहेलिया जातिका मानिसहरूसँग मिल्ने हुनाले नेपालका चिडिमारहरू भारतमा छँदासम्म बहेलिया नै हुनुपर्ने देखिएको छ ।

चरा समात्ने/मार्ने क्रममा नै नेपाल भित्रिएका र चरा मार्ने व्यवसाय गर्दै हिडेका मानिसहरूलाई सरकारी तथ्याङ्क सङ्कलकहरूले तपाइहरूको जात के हो ? के पेसा गर्नु हुन्छ ? भनी सोध्दा जातिको नाम उल्लेख नगरी 'चिडी मारत है' भनी अवधी भाषामा पेसा मात्र भनेकाले सरकारी तथ्याङ्कमा उनीहरूलाई चिडिमार लेखिएको र पछि गएर उनीहरूको चिडिमारकै रूपमा जातीय नाम पनि कायम हुन पुगेको देखिन्छ । लामो समयसम्म घुमन्ते जीवन बिताएका चिडिामरहरू वर्तमान समयमा नेपालको तराई क्षेत्रका विभिन्न ठाउँमा छरिएर रहेका भन्ने सरकारी तथ्याङ्क भए पनि यस जातिको प्रमुख बसोबास स्थल बाँके जिल्ला रहेको छ । केही नगन्य चिडिमारहरू मात्र कामको सिलसिलामा त्यस ठाउँबाट अन्यत्र फैलिएको देखिन्छ ।

चिडिमार जातिका परम्परागत सामाजिक सांस्कृतिक रीतिरिवाजहरू नेपालको तराई क्षेत्रमा बसोबास गर्ने अन्य जातजातिका मानिसहरूसँग मिल्दाजुल्दा भए पनि केही चलन र संस्कारहरू भिन्न र विशिष्ट खालका रहेका छन् । विगत ८-१० वर्ष अगाडिसम्म पनि अन्य जातजातिहरूका मानिसहरूसँग घुलमिल हुन नचाहने यस जातिका मानिसहरूको सामाजिक परम्परा जस्तै थियो । समाजलाई व्यवस्थित र अनुशासित रूपले अगाडि बढाउन चिडिमारहरूले आफ्नै समाजभित्र

‘पञ्चायत’ नामको सङ्गठन पुस्तैनी रूपमा कायम गराएका थिए । यसले गर्दा राज्य सरकार र अन्य जातजातिको सहयोग उनीहरूलाई त्यति आवश्यक पर्दैनथ्यो । राजनीतिक, आर्थिक, शैक्षिक रूपले निकै पिछडिएका चिडिमार जातिका मानिसहरूले अन्य समुदायसँगको हेलमेललाई त्रासको रूपमा लिने गर्दथे । घुमन्ते र पिछडिएका हुनाले उनीहरूमा हिनताबोध कायम थियो । लामो समयसम्म स्थायी रूपले बसोबास पनि नगरेको हुँदा कुन स्थानको नागरिक भन्ने दुविधासमेत उनीहरूमा कायम रहेको थियो ।

नेपालका चिडिमारहरू इशापूर्व २५०० को आसपासतिर उत्तर-पश्चिमबाट भारत प्रवेश गरेका आर्य प्रजातिका मानिसहरूकै एक शाखा मानिदै आएका छन् । १९औं शताब्दीमा भारतको बहराइच जिल्लातिर चरा मार्ने पेसा अंगाल्दै आएका चिडिमार जातिका मानिसहरू पश्चिम नेपालको तराई क्षेत्र पनि घना जङ्गलले ढाकिएको हुँदा १९औं शताब्दीको अन्त्य तथा २०औं शताब्दीको प्रारम्भतिर त्यस क्षेत्रसम्म विस्तारित भएका थिए । चरा खोज्दै जङ्गल-जङ्गल घुम्ने क्रममा चिडिमारहरू नेपाल भित्रिएको पाइएको छ ।

भारतको उत्तरी क्षेत्रमा भएको वि.सं.१९१४ को अङ्ग्रेज विरोधी आन्दोलन दमन गरेपछि खुसी भएर अङ्ग्रेज सरकारले सुगौली सन्धिबाट लिएका नेपालका पश्चिम तराईका जिल्लाहरू नेपाललाई नै फिर्ता दिएपछि त्यस क्षेत्रका मानिसहरू नेपालीकरण भएका थिए जसमध्ये चिडिमार जातिका मानिसहरू पनि एक थिए । भारतको बहराइच र नेपालको नेपालगन्जको भौगोलिक निकटता रहेको तथा पश्चिम नेपालको सबैभन्दा पुरानो सहर पनि नेपालगन्ज नै भएको हुँदा चिडिमार जातिका मानिसहरूले आफूले समातेका चरा बेच्ने ठाउँ राणाकालदेखि नै नेपालगन्ज बन्दै आएको थियो । गाउँबस्तीमा चरा नबिक्ने तर सहर बजारमा चरा बढी बिक्ने हुनाले चिडिमार जातिका मानिसहरू दिनभर घुमफिर गरी चरा समात्ने र साँझ चरा बेचेर सहरकै छेउछाउमा गएर रात विताउने गर्दागर्दै बाँके जिल्ला, त्यसमा पनि खासगरी नेपालगन्ज क्षेत्र चिडिमार जातिको बसोबासको केन्द्र बन्न पुगेको थियो ।

चिडिमार जातिका मानिसहरूले हिन्दू धर्म मान्ने हुनाले उनीहरूले त्यहीअनुरुपका संस्कार-संस्कृतिहरू मान्ने गरेको पाइएको छ । उनीहरूले जन्मदेखि मृत्युसम्मका संस्कारहरू पनि हिन्दू धर्मअनुरुपकै सम्पन्न गर्ने गर्दछन् । यस जातिका मानिसहरू विरामी परेका बेला भूत, प्रेत, डायन लागेको भनी भुँइहारबाट झारफूक गराउने गर्दछन् । विभिन्न समयमा प्रकृतिका साथै चरा समात्ने जाल, नरकुल जस्ता वस्तुहरूको पूजा गर्दछन् । उनीहरूले देवीदेवताको पूजा गर्दा पनि मासु, रक्सी

चढाउँदछन् । यस जातिका मानिसहरूले छोरा र छोरी दुवैको कपाल क्षवर संस्कार सम्पन्न गर्ने गर्दछन् ।

चिडिमार जातिका मानिसहरू सादी, गौना, थौनाजस्ता तीन चरणमा विवाह कार्य सम्पन्न गर्ने गर्दछन् । विवाहका बेला दुलहीको घरबाट दुलहाका घरमा जन्ती लाने यस जातिको एउटा छुट्टै र अनौठो सांकृतिक परम्परा रहेको पाइएको छ । नेपालमा धेरै जातजातिका मानिसहरूले छोराको मात्र छैंटी संस्कार सम्पन्न गर्ने प्रचलन रहे पनि चिडिमार जातिका मानिसहरूले भने छोरा वा छोरी दुवैको छैंटी संस्कार सम्पन्न गर्ने गर्दछन् । विवाहका बेला हिन्दू समाजमा माइती पक्षले सिन्दूर हालेको हेर्न हुँदैन भन्ने मान्यता छ तर चिडिमार जातिमा सिन्दूर हालेका बेला माइतिको उपस्थितिलाई अनिवार्य जस्तै मानिन्छ । यस जातिमा विवाहका बेला चरा मार्ने जाल, नरकुल आदि पनि दाइजोका रुपमा दिने प्रचलन रहेको छ ।

हिन्दू समाजमा प्रायःजसो मानिसको मृत्यु हुँदा घरभित्र भएमा बाहिर निकाल्नु पर्दछ भन्ने मान्यता छ तर चिडिमार समाजमा मानिस मर्न लागेमा बाहिर भए पनि घरभित्र लैजाने प्रचलन छ । यस जातिमा मानिस मरिसकेपछि लोग्ने मानिस भए उसको दाह्रीकपाल खौरिदिने र महिला भए कपाल कोरिबाटी गरिदिने, तेल घसिदिने गरिन्छ । नाईलाई बोलाएर मृतकको नङ पनि काटिदिने गरिन्छ । यस जातिका मानिसलाई गाड्ने बेलामा मुखमा मीठामीठा परिकार राखिदिने चलन छ । चिडिमार जतिमा मानिसको मृत्यु भएमा उसका छोराहरूमध्ये कुनै एकले मात्र काजक्रिया सम्पन्न गर्ने गर्दछन् । उसले ९ वा १० दिनसम्म नुन नखाने र त्यस घरपरिवारका अन्य सदस्यहरूले भने नुन खाने गर्दछन् । त्यस्तो काजक्रिया प्रायः जेठो छोराले मात्र गर्ने प्रचलन छ ।

डिठावन पर्वका दिन चिडिमार जातिमा नाङ्लो ठटाउँदै घरबाट गरिवीलाई निकालेर दोवाटो वा चौवाटोमा पुऱ्याउने प्रचलन छ । यस्तो प्रचलन तराईका अन्य जातजातिमा रहेको पाइदैन । माघ पर्वका दिनमा तिलको डाँठको आगो बालेर ताप्ने गरिन्छ । रामनवमीका दिनमा पहिले नै गरिएको भाकलका आधारमा देवीका मन्दिरमा गएर यस चिडिमार जातिका केही मानिसहरूले जिब्रो छेड्ने पनि गर्दछन् । यस्तो संस्कार भक्तपुरमा बिक्रम सम्बत्को नववर्षको अवसरमा मनाइने विस्केटजात्रामा नेवार समुदायमा भएको भन्दा बाहेक अन्यत्र चिडिमार जातिमा मात्रै रहेको पाइएको छ ।

ताराई दलितका रुपमा रहेका चिडिमार जातिका मानिसहरू एकल र वृहत गरी दुवै प्रकारका परिवारमा बस्ने भए पनि अहिले उनीहरू एकल परिवारतर्फ बढी आकर्षित हुँदै गएका छन् । यस समाजमा महिलाको अवस्था पुरुषको समान भए पनि त्यो समाज पुरुषप्रधान भएका कारण महिलाहरू सामाजिक रुपले पछाडि परेका छन् । यो समाज सामाजिक, शैक्षिक, स्वास्थ्य आदिका आधारमा पनि

निकै पिछाडिएको छ । गरिविका कारण चिडिमार जातिका बालबालिकाहरूको शैक्षिक स्ततर माथि उठ्न सकेको छैन । यस समाजमा बालविवाह जस्ता कुरितिहरू कायम रहँदै आएका छन् । यिनीहरू कमजोर पहुँचका कारण सरकारी सेवा र सुविधाबाट पनि बन्चित रहँदै आएका छन् । यतिसम्म कि उनीहरू न्याय माग्न पनि आफ्नै समाजमा परम्परागत रुपमा कायम रहँदै आएको पञ्चायतमा जाने गर्दछन् । सरकारी निकायमा कमै मात्र जाने गर्दछन् ।

चिडिमार जातिका मानिसहरूको स्वभाव सामुहिक भावना स्वरुपको रहेको हुन्छ । यस समाजमा आफ्नै किसिमका मूल्य र मान्यताहरू कायम रहेका हुन्छन् । यस जातिका मानिसहरूको समाजका अन्य मानिसहरूसँग पनि राम्रो सम्बन्ध कायम रहेको हुन्छ । यी चिडिमारहरू नेपालको तराईका दलित समुदायका मानिसहरू भएका कारण उनीहरू विभिन्न किसिमका सामाजिक विभेदबाट पीडित छन् । छुवाछूतलगायतका विभेदका कारण यस जातिका मानिसहरू समाजमा निकै पछाडि परेको पाइएको छ । यस्तो हुँदाहुँदै पनि वर्तमान समयमा शिक्षा र जनचेतनाको विकास हुँदै जाँदा चिडिमार जातिका मानिसहरू सामाजिक, शैक्षिक क्षेत्रमा परिवर्तित हुन थालेका छन् । यस जातिमा आधुनिकीकरणको प्रभाव पनि पर्दै गएको छ । यसले गर्दा अन्य समुदायका मानिसहरूसँग चिडिमार जातिका मानिसहरूको सहकार्य बढ्दै गएको छ । यो समाजमा महिलाप्रति गरिने व्यवहारमा पनि निकै सुधार आएको छ । तथापि चिडिमारहरू अझै पनि सिमान्तकृत अवस्थामा नै रहँदै आएका छन् ।

चिडिमार नेपालको एउटा भिन्न, मौलिक र विशिष्ट संस्कार-संस्कृति भएको तराईको दलित समुदायमा पर्ने जाति हो । यस्तो हुँदाहुँदै पनि यस जातिका संस्कार-संस्कृतिहरूमा निरन्तर वाह्य समाजको प्रभाव पर्ने क्रम दिनदिनै बढीरहेको छ । यसले चिडिमार जातिको मौलिक पहिचानमा अवरोध उत्पन्न हुँदै गएको छ । पेसा परिवर्तन गरेपछि चिडिमार जातिको जीवन पद्दतिमा पनि फेरवदल आएको छ । यस्तो अवस्थामा चिडिमार जातिका मानिसहरू सस्ता मजदुर र अपहेलित समुदायका रुपमा चिनिने अवस्था बढिरहेको छ । जातीय पहिचान, पेसागत पहिचान र राष्ट्रिय मुलप्रवाहमा समाहित हुने मुद्दा राष्ट्रमा उठिरहेका बेला चिडिमार जातिका पहिचानमा भने निरन्तर कमि आएको छ । चिडिमार जातिका विषयमा गरिएको यस अनुसन्धानको निष्कर्षलाई केही बुँदामा प्रस्तुत गर्दा अझै प्रष्ट हुन सक्ने देखिन्छ ।

क) चिडिमार नेपालको तराईका दलित समुदायमा पनि अति पिछडिएको, अल्पसङ्ख्यक र सिमान्तकृत अवस्थामा रहेको जाति हो ।

ख) चिडिमार जाति भारतको उत्तरी क्षेत्रका विभिन्न ठाउँहरूबाट आजभन्दा १५० देखि २०० वर्ष अगाडितिरै नेपालको तराई क्षेत्रसम्म विस्तारित हुँदै आएको र परम्परगत रुपमा चरा मार्ने व्यावसाय भएका कारण यस जातिलाई 'चिडिमार' भन्ने गरिएको हो ।

ग) हिन्दू धर्म मान्ने चिडिमार जातिका आफ्नै मौलिक सामाजिक-सांस्कृतिक पहिचानहरू रहेका छन् । यस जातिमा मुण्डन, विवाह, देवदेवीका पूजाआजा, जिब्रो छेड्ने जस्ता केही भिन्न र मौलिक परम्पराहरू कायम छन् ।

घ) चिडिमार समाजलाई व्यवस्थित र अनुशासित बनाइराख्न आफ्नै जातिभित्र एउटा 'पञ्चायत' नामको परम्परागत सामजिक सङ्गठन छ । केही समय यता यो संस्था निस्कृय जस्तै अवस्थामा रहे पनि पञ्चायतले चिडिमार जातिको समाजलाई पुस्तौंदेखि स्थानीय सरकारले गर्ने काम गर्दै आएको छ ।

ङ) वर्तमान समयमा चिडिमार जातिको जातीय अस्तित्व, भाषा, संस्कृति लोपोन्मुख हुँदै गएको छ भने उनीहरूको परम्परागत पेसा पूर्णरूपले लोप हुने अवस्थामा पुगेको छ ।

च) चेतनाको अभाव, आर्थिक, सामाजिक, शैक्षिक र स्वास्थ्यको अवस्थासमेत कमजोर रहेका कारण यस जातिका मानिसहरूले निकै कठिन जीवन यापन गरिरहेका छन् । समाजका प्रत्येक क्षेत्रमा यस जातिका मानिसहरूको पहुँच पुग्न सकिरहेको छैन । राजनीतिक रूपमा पनि चिडिमारहरू निकै पछाडि रहेका छन् । सरकारी पदहरू सेना, प्रहरी, निजामति, शिक्षण जस्ता सेवामा उनीहरूको उपस्थिति नगन्य रहेका कारण यस जातिको अवस्था पिछडिएको स्वतः स्पस्ट हुन्छ ।

छ) चिडिमार जातिको परिवार पितृसतात्मक पद्दतिमा चलेको हुँदा घरका मूली पुरूषहरू नै हुने गर्दछन् ।

ज) यस जातिको चरा मार्ने परम्परागत पेसा लोप हुँदै गएकाले वर्तमान अवस्थामा उनीहरू दैनिक ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दै आएका छन् ।

झ) हिन्दू धर्म मान्ने चिडिमार जातिका मनिसहरूले दसैं, तिहार, माघे सङ्क्रान्ती, शिवरात्री, फागुपूर्णिमा, रामनवमी जस्ता चाडपर्वहरूका अतिरिक्त नागनागिन पूजा, भौंरी जस्ता आफ्ना छुट्टै र मौलिक चाडपर्वहरू पनि मान्ने गर्दछन् ।

ञ) पिछडिएको चिडिमार समाजको उत्थानका लागि केही गैरसरकारी संघसंस्थाहरूको प्रयासमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिए पनि यस समाजमा अपेक्षाकृत सुधारहरू भने हुन सकेका छैनन् ।

ट) अन्य समाजमा जस्तै चिडिमार जातिको समाजमा पनि वर्तमान अवस्थामा परिवर्तनका सङ्केतहरू देखिएका छन् । तर यसले केही मात्रामा सकारात्मक प्रभाव पारे पनि बढी खर्च गर्ने, लागू पदार्थको सेवनमा वृद्धि, यौन र यौनजन्य विकृतिहरू थपिने, अन्तरजातीय विवाह गर्ने, पञ्चायतका निर्णयहरू अस्वीकार गर्ने, घर मूलीका आदेशहरूलाई पनि उल्लङ्घन गर्नेजस्ता विकृतिहरू पनि थपिदै गएका छन् ।

## ७.३ सुझावहरू

नेपालमा रहेका फरकफरक जातजातिका वेशभूषा, भाषा, धर्म, रहनसहन एवम् संस्कृतिबाट सिङ्गो नेपाली संस्कृतिको निर्माण भएको छ । चिडिमार नेपालको तराईको दलित समुदायमध्ये लोपोन्मुख र सिमान्तकृत अवस्थामा रहेको जाति हो । वर्तमान अवस्थामा यस जातिको सामाजिक-सांस्कृतिक अस्तित्व जोगाइराख्न सिङ्गो राज्य, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था र नागरिकको समेत महत्वपूर्ण भूमिका रहनु पर्ने अवस्था छ । अहिलेसम्म चिडिमार जातिको वास्तविक अवस्थाको खोजी गरी सम्बन्धित वर्ग र समूहसम्म जानकारी पुग्न नसकेकै कारण यसप्रति ध्यान पुग्न नसकेको महसुस गरिएको छ । अव पनि चिडिमार जातिको उचित सङ्रक्षण र विकासमा ध्यान नदिने हो भने यस जातिको जातीय अस्तित्व समाप्त भएर जाने अवस्था देखिदै गएको छ । यसका सम्बन्धमा प्रस्तुत सुझावहरूलाई निम्न बुँदाहरूमा उल्लेख गर्दा अझै प्रस्ट हुन सक्ने देखिन्छ ।

क) चिडिमार जातिको शैक्षिक चेतनाको स्तर कमजोर अवस्थामा रहेको छ । उनीहरूको चेतना अभिवृद्धिका लागि विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ । चिडिमार जातिको समाजमा शिक्षाप्रति सामान्य जागरण भए पनि गरिबी, आय आर्जनका स्रोतको अभाव, दैनिक जीवन यापनमा भएका कठिनाई आदिले गर्दा त्यसप्रति उनीहरूले ध्यान दिन सकिरहेका छैनन् । यसका लागि सरकारी वा गैरसरकारी संघसंस्थाहरूको समेत समन्वयमा अल्प र दीर्घकालीन शैक्षिक योजना लागु गरेर यस जातिको समग्र शैक्षिक विकास गर्नु पर्दछ । उनीहरूको प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा निःशुल्क गरिनु पर्दछ । चिडिमार जातिको पुरै समाजलाई साक्षर बनाउन अनौपचारिक तथा प्रौढ शिक्षा पनि प्रदान गरिनु पर्दछ ।

ख) चिडिमार जातिका ग्रामीण र सहरी क्षेत्रमा बसोबास गर्ने समूहहरूलाई फरक-फरक प्राविधिक सीप प्रदान गरिनु पर्दछ । जसमा ग्रामीण क्षेत्रमा बस्नेहरूका लागि कृषि पेसामा

व्यवसायिकरणको प्रविधि तथा सहरी क्षेत्रमा बस्नेहरूका लागि सिलाईकटाई, निर्माण सम्बन्धी आदिका प्राविधिक तालिमहरू दिएर आत्मनिर्भर हुनसक्ने व्यवस्था गरिनु पर्दछ।

ग) अन्य समाज र समुदायबाट टाढै रहने स्वभाव भएका चिडिमार जातिका परम्परागत सामाजिक मान्यताहरूलाई बिस्तारै सामुदायिकरण र सामाजिकीकरण गर्नका लागि उनीहरूलाई नै नेतृत्वदायी भूमिका निर्वाह गर्न प्रोत्साहन गर्नुपर्दछ।

घ) चिडिमार जातिको जातीय अस्तित्व सङ्रक्षणका लागि यस जातिलाई लोपोन्मुख, सिमान्तकृत तथा दलित समुदायका रूपमा पहिचान गरी अन्य लोपोन्मुख जातजाति सरहको सुविधा प्रदान गर्नु पर्दछ । उनीहरूका गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत आवश्यकता परिपूर्तिका लागि विशेष कार्यक्रम लागु गर्नुपर्दछ।

ङ) राज्यले चिडिमार जातिका सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको गहिरो अध्ययन गरी त्यसलाई दस्तावेजीकरण गर्नु पर्दछ र उनीहरूका संस्कार, संस्कृति र सामाजिक जीवनको सुरक्षा गर्ने तथा दीर्घकालीन आर्थिक सुधारका योजनाहरू लागु गर्नुपर्दछ।

च) चिडिमार जातिका मानिसहरूले आफ्नो परम्परागत पेसा त्यागिसकेका छन् । त्यसको सट्टा उनीहरूले दैनिक ज्यालादारी गरेर जीवन चलाएका छन् । ज्यालादारीका काम पनि समयमा नपाउने र पाएमा पनि ज्यालामा ठगिने गरेको अवस्थालाई ध्यानमा राखी कामको सुनिश्चितता र उचित ज्यालाको व्यवस्था गरिनु पर्दछ।

छ) लोपोन्मुख अवस्थामा रहेका चिडिमारहरूको पहिचानलाई स्थापित गर्न उनीहरूको समाजमा रहेका पञ्चायत जस्ता सङ्गठनहरूलाई पुनः जीवितीकरण गर्न आवश्यक पहल र प्रोत्साहन गर्नु पर्दछ साथै उनीहरूको संस्कृतिको महत्वका बारेमा उनीहरूलाई नै सुसूचित तुल्याउँदै लगिनु पर्दछ।

ज) नेपालको तराई क्षेत्रमा रहेका दलित समुदायका मानिसहरूमाथि गरिदै आएका छुवाछूत र विभेदकारी विद्यमान परम्पराको अन्त्यका लागि भइरहेका प्रयासहरूलाई प्रभावकारी कार्यान्ययन र अनुगमन गर्नु पर्दछ। त्यस्तो विभेदकारी व्यवहार गर्नेहरूमाथि कडा दण्डको व्यवस्था गरिनु पर्दछ । त्यस्ता पीडक र पीडित दुवै समूहलाई चेतनामूलक कार्यक्रमहरूमा सहभागी गराएर दुवैको आत्मसम्मान हुन सक्ने अवस्था सृजना गरिनु पर्दछ।

झ) चिडिमार जातिको परम्परागत चरा समात्ने/मार्ने पेसालाई गहन रूपमा अध्ययन गरी त्यस सम्बन्धमा उचित नीति नियम तर्जुमा गरिनु पर्दछ । शिकारमा दक्षता हासिल गरेका जनशक्तिलाई पर्यटनलगायतका अन्य क्षेत्रमा लगेर राज्यले उपयोग गर्न सक्नुपर्दछ।

ञ) चिडिमार जातिको दैनिक जीवन यापनको समस्यालाई सहज बनाउन कम्तिमा पनि घरबासका लागि सरकारले १० कट्ठा र अन्य खेतियोग्य जग्गा प्रदान गर्नु पर्दछ । कृषि पेसामा दक्ष तुल्याउनका लागि उनीहरूलाई कृषि सम्बन्धी प्राविधिक ज्ञान र सीप पनि प्रदान गर्नु पर्दछ ।

ट) चिडिमार जातिका मानिसहरूले आफ्नै आन्तरिक न्यायप्रणालीमा विश्वास गर्दै आएका छन् । वर्तमान अवस्थामा उनीहरूका आन्तरिक न्यायिक सङ्गठनहरू निस्क्रिय रहेको अवस्था छ । यस्तो अवस्थामा उनीहरूलाई चेतनामूलक कार्यक्रमहरूको माध्यमबाट सरकारी नीति नियमका बारेमा जानकारी दिँदै राज्यका विभिन्न निकायहरूबाट सुविधा लिन प्रोत्साहन गर्नु पर्दछ । त्यस्ता निकायसम्म पुग्न सक्ने पहुँचको विस्तार र प्रोत्साहन गर्नु पर्दछ ।

ठ) विभिन्न रूपले पछाडि परेका वर्गका लागि समानुपातिक प्रतिनिधित्व र आरक्षणको व्यवस्था गरिएको वर्तमान अवस्थामा पिछडा वर्गकै केही सिमित मानिसहरूले मात्र त्यो अवसर लिने विकृति पनि सँगै बढेको छ । यस्तो अवस्थामा तराईका दलित समुदायले पाउने आरक्षणको सङ्ख्यालाई पनि जातीय प्रतिनिधित्वका आधारमा समानुपातिक बनाइनु पर्दछ । जसले गर्दा राज्यका हरेक क्षेत्रमा कमबेसी रूपमा भए पनि चिडिमार जातिको उपस्थिति हुन सक्ने अवस्था रहोस् ।

ड) वैदेशिक रोजगारका क्षेत्रमा पनि चिडिमार जस्ता पिछडिएका दलित समुदायका मानिसहरूलाई अवसर प्रदान गर्न राष्ट्रिय कोटा निर्धारण गरी त्यसको सम्पूर्ण खर्च रोजगार पाएपछि चुक्ता हुनेगरी अवसर प्रदान गर्ने र दक्षताका लागि सीप प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

ढ) सुरो, लडाकु र इमान्दार तथा सोझो प्रकृतिको जाति भएकाले चिडिमार जतिका मानिसहरूलाई शिक्षादिक्षा दिई सरकारी सेवामा खासगरी सुरक्षा निकायमा प्रवेश गराएमा राज्यलाई पनि उपलब्धी मूलक हुने थियो ।

उपर्युक्त बुँदहरूमा उल्लेख गरिएका विषयवस्तुहरूलाई मनन् गरी चिडिमार नेपालको अत्यन्त पिछडिएको, आर्थिक सङ्कट खेपिरहेको, गुजारामुखी मात्र रहेको जातिको सङ्रक्षण सम्वर्धनमा तत्काल कदम चाल्न सक्ने परिस्थिति सृजना गर्न सके मात्र यस अध्ययनको महत्व सार्थक हुनेछ ।